सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं:कृ.शा-१४४-२०८१/०८२

च.नं:सूचना

## ५०% अनुदानमा आधुनिक कृषि उपकरण हस्तान्तरण सम्बन्धी सूचना!

### प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२५

सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ मा सञ्चालन हुने ५०% अनुदानमा आधुनिक कृषि उपकरण हस्तान्तरण कार्यक्रम अन्तर्गत ५०% अनुदानमा मिनी-टिलर (हाते टयाक्टर) वितरण गर्ने कार्यक्रम रहेको हुदाँ यस गाउँपालिका भित्र रहेका व्यवसायिक कृषक, कृषक समूह र कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०२/०८ गते कार्यालय समय) भित्र कृषि विकास शाखामा तपसिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि यस गाउँपालिकाको कृषि विकास शाखा वा ९७६४३३६४७९, ९७४५४०८०८० मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

<u>तपसिलः</u>

१) निवेदन (तोकिएको ढाँचामा)

२) कृषक समूह हकमा थपः दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी, गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, मिनी-टिलर माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी।

३) कृषक फर्म र व्यवसायिक कृषकको हकमाः दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी।

४) व्यक्तिगत कृषकको हकमाः नागरिकता प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी।

५) विगत ३ वर्षमा दोहोरो अनुदान नलिएको स्वघोषणा,

२०८२/१/२५

नरेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः कृषक समूह, कृषि फर्म र व्यवसायिक कृषकलाई क्रमश प्राथमिकतामा राखिनेछ। साथै व्यक्तिगत कृषकको हकमा जग्गाको क्षेत्रफललाई आधार मानिनेछ।